कृष्णनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कृष्णनगर, कपिलवस्तु |

# जस्ता पाता वितरण सम्बन्धि कार्यविधी - २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः- २०८०/०९/०३

कृष्णनगर नगरपालिकाबाट आ.व. २०८०/८१ को संघीय सरकारबाट विनियोजित विशेष अनुदान (फुसको छाना मुक्त कार्यक्रम) को रकम रु. २,००,००,००० (दुई करोड) को प्रचलित कानून बमोजिम जस्तापाता स्थानीय जनतालाई आवश्यकता, औचित्यता तथा प्रभावकारीताको आधारमा वितरण गर्न यो कार्यविधि बनाईएको छ।

यो कार्यविधिमा देहाएका दफाहरु रहेका छन् :

१) कृष्णनगर नगरपालिकाबाट खरिद भएको जस्तापाता देहाय बमोजिम वितरण गरिने छ :

| क्रम.सं. | विवरण | जस्ता पाताको परिमाण | कैफियत |
|---|---|---|---|
| १ | वडाको सिफारिसमां कृष्णनगर नगरपालिकाबाट खरिद तथा वितरण हुने | प्रति परिवार: १२ फुटे १३ पाताको दरले | आवश्यकता, औचित्यता को आधारमा वडाको सिफारिस बमोजिम |
| | | | |

२) वडा कार्यालयहरुले वडा समितिको वैठकबाट निर्णय भई सो वडामा जस्ता पाता चाहिने व्यक्ति, पहिचान गरि आवश्यकता, औचित्यता, मितव्ययीता र प्रभावकारीताको आधारमा वितरण गर्नु पर्नेछ।

३) नगर कार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालयहरुले जस्ता पाता वितरणमा देहायका आधारहरुलाई प्राथमिकता दिनुपर्नेछ :

क) विपन्न, दलित, अपाङ्गता भएका व्यक्ति तथा परिवार, सुकुम्बासी, फुसका छाना भएका घरका परिवार तथा पिछडिएका वर्ग लाई प्राथमिकता दिइनेछ। फुसको छानाको गोठ भएकालाई भन्दा फुसको छाना भएकको घरमा बस्नेलाई पहिलो प्राथमिकता दिईने छ |

ख) दैविक प्रकोप तथा विपद्बाट प्रभावित व्यक्ति/ परिवारहरुलाई पुःननिर्माणको लागि।

ग) निर्माणाधीन परिवारलाई जस्ता पाताको आवश्यक भएमा।

४) वितरण भएको जस्ता पाताको भरपाई गराई यथाशिघ्र नगरपालिकाको कार्यालयमा वडा सचिवले पेश गर्नु पर्नेछ।

५) कृष्णनगर नगरपालिका तथा मातहतका वडा कार्यालयहरुले जस्ता पाता चालू आर्थिक वर्षमा वितरण हुन नसकेमा सुरक्षित साथ भण्डारण गरी राख्नु पर्नेछ।

६) नगरपालिका वा वडा कार्यालयबाट दोहोरो सुविधा प्राप्त हुने गरी जस्तापाता उपलब्ध गराईने छैन। नेपाल सरकारको कुनै सरकारी अनुदान पाएका, नगरपालिकाको आकस्मिक कोष र विपद व्यवस्थापन कोष बाट सो हि प्रयोजनमा आर्थिक सहयता पाउने व्यक्ति, लाई यस कार्यविधी वमोजिम कुनै सुविधा उपलब्ध गराईने छैन | जस्तापाता दूरुपयोग गर्ने, घरमा लुकाएर राख्ने तथा बेचबिखन गर्ने वा उक्त काम गर्न प्रोत्साहन गर्ने व्यक्तिलाई कानुन बमोजिम कार्बाही गरिनुका साथै नगरपालिकाबाट प्रदान गरिने कुनै सेवा सुविधा उपलब्ध गराईने छैन।

७) जस्तापाता वितरण सम्बन्धि अन्य निर्णय तथा सहजीकरण गर्न नगर उप-प्रमुखको संयोजकत्वमा देहाय बमोजिम सदस्य रहेको कार्य समिति रहनेछ:

| | |
|---|---|
| संयोजक | - नगर उप प्रमुख श्री आरती देवी चौधरी |
| सदस्य | - वडा अध्यक्ष श्री नूर मोहम्मद मुसलमान |
| सदस्य | - वडा अध्यक्ष श्री राज किशोर यादव |
| सदस्य | - सुदीप प्रताप मौर्य ( कृषि विकास अधिकृत) |

८) जस्ता पाता आवश्यक हुने नागरिक तथा परिवारले सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्ने कागजातहरु देहाय बमोजिम छन्:

• निवेदन

• व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी,

• वडा कार्यालयको सिफारिस पत्र,

• दैबी विपत्ती भएको अवस्थामा तयार गरिएको क्षती विवरणको मुचुल्का

• कार्यविधीको बुँदा ३ (क) प्रमाणीत हुने अन्य कागजातहरु

• सम्पत्ति कर रसिद , (व्यवसाय कर लगायत नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने कर बक्यौता नरहेको)

९) लाभग्राही छनोट सम्बन्धि कुनै विवाद भएमा कार्य समितिको निर्णय मान्य हुने छ|

१०) यो कार्यविधी संघीय सरकारको विशेष अनुंदानतर्फ फुसको छाना मुक्त कार्यक्रम संचालन अवधि भर लागु हुनेछ।

समाप्त

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत